# प्रेस विज्ञप्ति

कर्मचारी समायोजन अध्यादेश, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्ने प्रकृया अगाडी बढीरहेको सर्व विदितै छ । सो सम्वन्धमा राष्ट्रिय किताबखानामा रहेको कर्मचारीहरुको विवरण अध्यावधिक गर्ने सन्दर्भमा धेरै जिज्ञासाहरु आउने गरेको र सो सम्बन्धमा प्रष्ट पार्न आवश्यक देखिएको छ । राष्ट्रिय किताबखानामा रहेको कर्मचारीहरुको व्यक्तिगत विवरण (PIS) मा आ-आफ्नो विवरण अध्यावधिक गरी दुरुस्त राख्ने प्रयोजनका लागि यस अघि नै सूचना जारी गरिसकिएको छ । आफु कार्यरत निकाय कार्यालयबाट पठाएको विवरण किताबखानामा नपुगी वा कुनै कारणले विवरण अध्यावधिक हुन छुट भई केही व्यक्तिगत विवरणहरुमा हालको पद नदेखि साविककै पद देखिएको हुँदा कर्मचारीहरुले आ-आफ्नो व्यक्तिगत विवरण (PIS) हेरी कुनै विषय अध्यावधिक गर्नु पर्ने देखिएमा यथासिघ्र राष्ट्रिय किताबखानाको E-mail : info@pis.gov.np मा आजको मितिले १० दिन भित्र प्रमाण सहितको विवरण पठाउनु हुन अनुरोध गरिन्छ । कर्मचारी समायोजनको लागि यस मन्त्रालयबाट अनलाइन फाराम भर्ने व्यवस्था मिलाउन सफ्टवेयर तयारी भईरहेको र सो सफ्टवेयरमा अनलाइन आवेदन गर्न सम्वन्धित कर्मचारीहरुले किताबखानामा विवरण अध्यावधिक गरे नगरेको खुलाएपछि अध्यावधिक गरेका कर्मचारीहरुले मात्र आवेदनको पूर्ण विवरणमा प्रवेश गर्न सक्ने व्यवस्था मिलाइएको छ । उक्त सफ्टवेयरमार्फत कर्मचारीले अनलाइन आवेदन गर्दा राष्ट्रिय किताबखानाको सोही विवरण अनुसार अध्यादेश बमोजिम समायोजनको आधार तय हुने र कर्मचारीको छनौटको प्राथमिकता क्रम र उक्त आधार बमोजिम समायोजनको नतिजा सफ्टवेयरबाटै तयार हुने हुँदा कर्मचारीले विवरण अध्यावधिक नगरेको अवस्थामा समायोजनको नतिजामा फरक परी सम्वन्धित कर्मचारीलाई मर्का पर्न सक्ने भएंकोले अनलाइन आवेदन गर्नु अघि राष्ट्रिय किताबखानामा रहेको आफ्नो विवरण अध्यावधिक भए नभएको रुजु गरी (दिउँसो को समयमा नेटवर्क व्यस्त रहने भएकोले PIS हेर्ने काम सम्भव भएसम्म विहान बेलुकाको समयमा गरिदिनु हुन) अध्यावधिक गरेर मात्र अनलाइन आवेदन गर्नु हुन सम्पूर्ण सरकारी सेवाका कर्मचारीहरुलाई अनुरोध गरिन्छ । सो बमोजिम विवरण अध्यावधिक नभएको अवस्थामा अन्य कर्मचारीहरु समायोजन भएर बाँकी रहेका संघ, प्रदेश वा स्थानीय तहका सम्वन्धित पदका रिक्त दरवन्दीहरुमा मात्र त्यस्ता कर्मचारीहरुलाई समायोजन गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारी समायोजनको सम्वन्धमा गरेका कार्यहरुको जानकारी हरेक दिन मन्त्रालयको वेव साइट www.mofaga.gov.np मा राखिने हुँदा मन्त्रालयको वेव साइटमा गई जानकारी लिनु हुन समेत सम्बन्धित सबै सरोकारवालाहरुमा अनुरोध छ ।

२०७५।०५।०२

(अनिता निरौला)

उप सचिव